बेनी नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः १०, बेनी, माघ १२ गते, २०८१ साल          अतिरिक्ताङ्कः २

**भाग-२**

**बेनी नगरपालिका**

नगर कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

मिति २०८१/१०/११ गते बसेको बेनी नगरपालिकाको नगर कार्यपालिकाले बेनी नगरपालिकाको घरपालुवा तथा सामुदायिक कुकुर व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत गरेकाले सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## बेनी नगरपालिकाको घरपालुवा तथा सामुदायिक कुकुर व्यवस्थापन कार्यविधि, २०८१

**प्रस्तावनाः**

बेनी नगरपालिका भित्र स्वच्छ र सफा वातावरण कायम गर्न, घरपालुवा तथा सामुदायिक कुकुरहरुबाट हुने प्रदूषण रोक्न, तिनको तथ्याङ्क राख्न सामुदायिक कुकुरबाट हुने त्रास र आक्रमण कम गर्न, तत्थ्याङ्क अध्यावधिक गर्न र कुकुरहरुको व्यवस्थापन गर्न वाञ्छनीय भएकाले, बेनी नगरपालिकाको बिनियोजन ऐन, २०८१ (संसोधन सहित) को दफा ३ को उपदफा ४ ले गरेको व्यवस्था बमोजिम बेनी नगरपालिकाको घरपालुवा तथा सामुदायिक कुकुर व्यवस्थापन कार्यविधि, २०८१ बनाई बेनी नगर कार्यपालिकाको मिति २०८१/१०/ ११ गतेको बैठकबाट स्वीकृत गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम " बेनी नगरपालिकाको घरपालुवा तथा सामुदायिक कुकुर व्यवस्थापन कार्यविधि २०८१" रहेको छ ।
(२) यो कार्यविधि बेनी नगरपालिका क्षेत्र भित्र लागू हुनेछ ।
(३) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः
(क) "घरपालुवा कुकुर" भन्नाले कुनै व्यक्ति वा संस्थाले आफ्नो घर-कम्पाउण्ड भित्र व्यवस्थित गरी आफ्नो सोख वा सुरक्षाका लागि पालिएका कुकुर भन्ने सम्झनुपर्छ ।
(ख) "नगरपालिका" भन्नाले बेनी नगरपालिकालाई सम्झनुपर्छ ।
(ग) "सामुदायिक कुकुर" भन्नाले कुनै व्यक्ति वा संस्थाको नियन्त्रणमा नरहेका र समुदायमा छाडा छोडिएका कुकुरलाई सम्झनुपर्छ ।
(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधिले व्यवस्था गरी तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।
(ङ) "पशु सेवा शाखा" भन्नाले बेनी नगरपालिकको पशु सेवा शाखा सम्झनुपर्छ ।
(च) "वडा कार्यालय" भन्नाले बेनी नगरपालिका मातहतका १० वटै वडा कार्यालय सम्झनुपर्छ ।

**३. घरपालुवा कुकुर दर्ता गर्नुपर्नेः**
(१) नगरपालिकाको अनुमति बिना कसैले पनि घरपालुवा कुकुर राख्न वा पाल्न पाउने छैन ।
(२) कसैले घरपालुवा कुकुर राख्न वा पाल्न चाहेमा सो कुकुर नगरपालिकामा दर्ता गराई राख्न वा पाल्न सक्नेछन् ।
(३) यो कार्यविधि प्रारम्भ हुनु पूर्व नै राखिएका वा पालिरहेका घरपालुवा कुकुरहरुको हकमा यो कार्यविधि प्रारम्भ भएको छ महिना भित्र दर्ता गरिसक्नु पर्नेछ ।
(४) यो कार्यविधि लागु भएपछि नगरपालिकाले घर पालुवा कुकुर दर्ताका लागि सूचना आव्हान गर्नेछ ।
(५) नगरपालिकाले पहिलो पटकको लागि प्रत्येक वडामा घरपालुवा कुकुर दर्ताका लागि शिविर सञ्चालन गर्न सक्नेछ ।

**४. कुकुर दर्ता तथा नविकरणका लागि निवेदन दिनुपर्नेः**
(१) कसैले घरपालुवा कुकुर राख्न वा पाल्न चाहेमा सो कुकुर दर्ताका लागि सम्बन्धीत वडा कार्यालय वा पशु सेवा शाखामा अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा १ बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालय /पशु सेवा शाखाले आवश्यक जाँचबुझ गरी नगरपालिकामा सिफारिस गर्नेछ र पालिका मार्फत पशु सेवा शाखाले कुकुर दर्ता गरी प्रमाण पत्र दिन सक्नेछ ।

(३) कुकुरधनीहरुले हरेक आर्थिक वर्ष सकिएको ३ महिना भित्र कुकुर दर्ता नविकरण गराउनु पर्नेछ ।

(४) उपदफा २ बमोजिम दिईने प्रमाणपत्रको ढाँचा अनुसूची २ बमोजिम हुनेछ ।

(५) घरपालुवा कुकुर दर्ता शुल्क बेनी नगरपालिकाको आर्थिक ऐनमा व्यवस्था भए अनुसार हुनेछ । आर्थिक ऐनमा व्यवस्था नभएसम्मका लागि दर्ताशुल्क रू १०००।- (एक हजार रुपैँया) र नविकरण दस्तुर रू ५०० ।- (पाँच सय रुपैँया) लाग्नेछ । तर एकान्त घर भएका कारण पालेको तथा कृषि पशुपालनको सहयोग स्वरुप पालेको कुकुरको हकमा ५०% कम लाग्नेछ ।

**५. घरपालुवा कुकुर दर्ता गराए बापत नगरपालिकाले दिने सेवा सुविधाः**

(१) नगरपालिका भित्र घरपालुवा कुकुरहरुको दर्ता गरेमा नगरपालिकाले निम्न सेवा सुविधा दिन सक्नेछ ।

क) कुकुरको परिचय नं. सहितको डिजिटल ट्यागिङ गरिनेछ वा घाँटीमा वाध्ने बेल्ट लगाउन पनि बाधा पर्ने छैन ।

ख) रेविज खोप -१ डोज

ग) आन्तरीक तथा वाह्य परजीवि विरूद्धको आईभरमेक्टिन सुई - १ डोज आवश्यक भएमा

घ) नगरपालिकाका पशु चिकित्सक तथा प्राबिधिकहरु द्वारा निःशुल्क परामर्श ।

**६. घरपालुवा कुकुर सम्बन्धी अन्य व्यवस्थाः**

(१) आफुले पालेको कुकुर कुनै कारणवस कसैलाई स्थायी रुपमा हस्तान्तरण गर्नुपरेमा नगरपालिकाको रोहरबरमा दिने पक्षले लिने पक्षलाई स्वामित्व हस्तान्तरण गर्नुपर्नेछ ।

(२) दर्ता भएको घरपालुवा कुकुर हराएमा कुकुर धनीले सो को जानकारी नगरपालिकालाई गराउनुपर्नेछ ।

(३) घरपालुवा कुकुर धनिहरुले आफुले पालेका कुकुरहरु आफ्नो घर तथा कम्पाउन्ड भन्दा बाहिर जथाभावी छाडा छोड्न तथा दिशा पिसाब गराउन हुदैन ।

(४) घरपालुवा कुकुरहरुको दिशा पिशाब कुकुर धनीहरुले आफ्नो छरछिमेकिलाई असर नपर्ने गरी व्यवस्थापन गर्नुपर्छ ।

(५) कुकुर धनीहरुले कुकुरलाई लगाउनु पर्ने सम्पुर्ण रोगहरुको खोप तथा जुकाको औषधी समयमै लगाउने तथा खुवाउने कार्य गर्नुपर्नेछ ।

(६) घरपालुवा कुकुरको मृत्यु भएमा कुकुरधनीले सोको जानकारी नगरपालिकालाई गराउनुपर्नेछ।
(७) घरपालुवा कुकुरले कसैलाई टोकेमा वा कुनै प्रकारको क्षति पुऱ्याएमा त्यसको सम्पूर्ण उपचारमा लाग्ने खर्च तथा क्षतिपुर्ती कुकुरधनिले बेहोर्नु पर्नेछ।

**७. सामुदायिक कुकुर व्यवस्थापन सम्बन्धीः**

(१) नगरपालिका भित्रका छाडा कुकुहरुको तथ्याङ्क राख्न, अध्यावधिक गर्ने तथा तिनको व्यवस्थापन गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ।

(२) सामुदायिक कुकुरहरुको संख्या नियन्त्रणका लागि नगरपलिकाले कुकुर बन्ध्याकरण शिविर तथा कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(३) कसैले पनि सामुदायिक कुकुरलाई घृणा गर्ने, कुट्ने, पिट्ने, घाउचोट पुऱ्याउने, वा कुनै प्रकारको क्रुरता प्रदर्शन गर्नुहुदैन।

(४) सामुदायिक कुकुरहरुप्रति मानिसमा सचेतना जगाउन तथा तिनिहरुको कल्याणका लागि नगरपालिकाले समुदाय, गैरसरकारी संस्था, निजी क्षेत्र, कुकुर व्यवसायी तथा पशु कल्याणका क्षेत्रमा कार्यरत संस्थाहरुसँग सहकार्य गर्न सक्नेछ।

(५) कसैले सामुदायिक कुकुरलाई घरपालुवा कुकुर सरह पाल्न चाहेमा उक्त कुकुरलाई नगरपलिकामा यस कार्यविधिको दफा ४ बमोजिम दर्ता गराई पाल्न सक्नेछन्।

(६) सामुदायिक कुकुर व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य पशु सेवा शाखा मार्फत् अन्य शाखासँग समन्वय गरी गरिनेछ।

**८. कुकुर व्यवस्थापन केन्द्र (सेल्टर हाउस) सम्बन्धी ब्यवस्थाः**

(१) नगरपालिकाले सामुदायिक कुकुर व्यवस्थापन तथा उद्धारका लागि सामुदायिक कुकुर व्यवस्थापन केन्द्र (सेल्टर हाउस) स्थापना गरी सञ्चालन गर्न सक्नेछ।

(२) सेल्टर हाउसमा समुदायिक कुकुरहरुको शल्य चिकित्सा वा बन्ध्याकरण पछि हेरचाह र तत्काल खतरामा भएका कुकुरहरुको संक्रमणकालिन उद्धार गर्नका लागि राख्न सकिनेछ।

**९. कुकुर व्यवसाय सम्बन्धी व्यवस्थाः**

(१) कुकुर व्यवसायीहरुले कुकुर खरिद विक्रि गर्नका लागि नगरपालिकामा व्यवसाय दर्ता तथा नविकरण गर्नुपर्नेछ 1

(२) कुकुर व्यवसायीहरुले कुकुर विक्री गर्दा कुकुरलाई नगरपालिकामा यस कार्यविधि बमोजिम दर्ता गराएर मात्र विक्री गर्नुपर्नेछ।

(३) कुकुर व्यवसायीहरुले व्यवसाय नविकरण गर्दा सो व्यवसाय मार्फत वर्षभरी भएको खरिद विक्रीको तथ्याङ्क बुझाउनुपर्नेछ।

(४) रेविज लगायतका प्राणघातक रोगलाई महामारीको रुपमा फैलिन नदिन कुकुर व्यवसायीहरुले नगरपालिका तथा कुकुर धनीहरुसँग सहकार्य गरी विभिन्न कार्यक्रम तथा सिविर सञ्चालन गर्न सक्नेछन्।

**१०. दुर्गम तथा ग्रामिण क्षेत्र भएका वडाहरुमा कुकुर व्यवस्थापन सम्बन्धमाः** कुकुर व्यवस्थापन सम्बन्धमा माथि जुनसुकै कुरा लेखिएको भएतापनि बेनी नगरपालिकाको दुर्गम तथा ग्रामिण क्षेत्र भएका वडाहरुमा घरपालुवा तथा सामुदायिक कुकुरको व्यवस्थापन गर्दा नगरपालिकाले विशेष सुविधा उपलब्ध गराउनेछ।

**११. कसुर तथा सजायः**

(१) दफा ६ को उपदफा (३) विपरीत कसैले कार्य गरेमा पहिलो पटक भए रू १०००/- (एक हजार), दोस्रो पटक भए रू. २०००/- (दुई हजार) तेस्रो पटकदेखि सोही अनुपातमा थप हुने गरी जरिवाना गरिनेछ। वा बेनी नगरपालिकाको आर्थिक ऐनमा व्यवस्था भएअनुसार जरिवाना गरिनेछ।

**१२. अनुगमन तथा निर्देशनः**

यो कार्यविधिमा भएको व्यवस्था कार्यान्वयन भए नभएको अनुगमन गर्ने तथा आवश्यक निर्देशन दिने जिम्मेवारी नगरपालिका, सम्बन्धित वडा कार्यालय र पशु सेवा शाखाको हुनेछ।

**१३. खारेजी र बचाऊः**

यो कार्यविधि लागु हुनुपूर्व भए गरेका काम कारबाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ। र कार्यविधि संशोधन गर्नुपरेमा नगर कार्यपालिकाले गर्न सक्नेछ।

अनुसूचि-१

(दफा ४ को उपदफा १ सँग सम्बन्धित) निवेदन पत्रको ढाँचा

श्री

................नं. वडा कार्यालय

बेनी नगरपालिका

बेनी, म्याग्दी।

महोदय,

म बेनी नगरपालिका वडा नं...... निवासी श्री ……………………………………..ले देहायको विवरण भएको कुकुर पाल्न चाहेको हुँदा उक्त कुकुरलाई **बेनी नगरपालिकाको घरपालुवा तथा सामुदायिक कुकुर व्यवस्थापन कार्यविधि, २०८१** बमोजिम दर्ता गरिदिनुहुन यो निवेदन पेश गर्दछु ।

विवरणः
कुकुरधनीको नामः
ठेगानाः
घर नं.
सम्पर्क नं.
कुकुरको प्रजातीः
कुकुरको उमेरः

अनुसूचि – २

(दफा ४ को उपदफा ४ सँग सम्बन्धित)

बेनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बेनी, म्याग्दी

**घरपालुवा कुकुर दर्ता प्रमाण – पत्र**

दर्ता नं.......... मितिः....................

श्री..................................

बेनी नगरपालिकाको घरपालुवा तथा सामुदायिक कुकुर व्यवस्थापन कार्यविधि, २०८१ को दफा ४ को उपदफा ४ बमोजिम....................... साल..................... महिना................. गते यस कार्यालयमा तपसिलको विवरण भएको कुकुर दर्ता गरी प्रमाणपत्र प्रदान गरिएको छ ।

तपसिलः

| क्र.स | पालनकर्ताको नामथर | ठेगाना | घर नं | सम्पर्क नं. | कुकुरको जात र लिङ्ग | रंग | उमेर | चिप्स नं | दर्ता/नविकरण गर्ने अधिकारीको सहि छाप |
|---|---|---|---|---|---|---|---|---|---|
| | | बेनी- | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

परिचय प्रमाण पत्र जारी गर्ने

सही

नाम थरः

पदः

कार्यालयको छापः

अनुसूचि – २

(दफा ४ को उपदफा ४ सँग सम्बन्धित)

बेनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बेनी, म्याग्दी

**घरपालुवा कुकुर दर्ता प्रमाण – पत्र**

दर्ता नं........... मितिः.....................

श्री..................................

बेनी नगरपालिकाको घरपालुवा तथा सामुदायिक कुकुर व्यवस्थापन कार्यविधि, २०८१ को दफा ४ को उपदफा ४ बमोजिम........................ साल...................... महिना................. गते यस कार्यालयमा तपसिलको विवरण भएको कुकुर दर्ता गरी प्रमाणपत्र प्रदान गरिएको छ।

तपसिलः

| क्र.स | पालनकर्ताको नामथर | ठेगाना | सम्पर्क नं. | कुकुरको जात | रंग | लिङ्ग | उमेर | चिप्स नं | रसिद नं. र मिति | नविकरण गर्ने अधिकारीको सहि छाप |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

<u>परिचय प्रमाण पत्र जारी गर्ने</u>

सही

नाम थरः

पदः

कार्यालयको छापः

**आज्ञाले,**

**अर्जुन शर्मा**

**प्रमुख प्रशासकीय अधिकृत**